मिति २०७६।०७।०४ मा बसेको कार्यालय प्रमुखको बैठकका निर्णयहरु:

१. मिति २०७६।०६।०५ गते बसेको बैठकको निर्णयमाथि समिक्षा गरियो । उक्त निर्णयहरु पालना नगरेका कार्यालयहरुले यथासिघ्र पालना गर्ने गराउने ।

२. ETDS को तालिम मिति २०७६/०७/०६ गते दिनके ११ बजे आन्तरिक राजश्व कार्यालयमा गर्ने त्यसमा सबै कार्यालयले लेखा सँग सम्बन्धित कर्मचारीलाइ अनिवार्य रुपमा उपस्थित गराउने ।

३. आउदै गरेको शुभ दीपावली तथा छैट पर्वको उपलक्ष्यमा शुभकामना आदान प्रदान गरियो ।

४. नागरिकहरुको घरदैलोमा सेवा पुर्याउने सरकारी नीति अनुरुप एकीकृत घुम्ती शिविर मिति २०७६।०७।२२ गते जिल्ला प्रशासन कार्यालयको अगुवाईमा कचनकवल गाँउपालिकामा संचालन गर्ने । उक्त शिविरमा कृषि ज्ञान केन्द्र, आन्तरिक राजश्व, घरेलु तथा साना उद्योग, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी, नापतौल, जनस्वास्थ्य कार्यालय लगायत अन्य कार्यालयहरु समेतले आ आफ्नो सेवाका साथ अनिवार्य सक्रिय सहभागिता जनाउने ।

५. आउदै गरेको तिहार तथा छैटलाई मध्यनजर गर्दै घरेलु तथा साना उद्योग कार्यालय, गुणस्तर तथा नापतौल कार्यालय तथा अन्य सरोकारवाला सरकारी निकायहरुलाई समेत समावेश गरी यस अवधिभर नियमीत रुपमा बजार अनुगमन गरी सो को प्रतिवेदन जिल्ला प्रशासन कार्यालय पेश गर्ने ।

६. आउदै गरेको तिहारमा लामो समय सम्म कार्यालयहरु विदा हुने हुँदा कार्यालय र सवारी साधनहरुको विशेष सुरक्षा व्यवस्था कार्यालय प्रमुखले मिलाउने, कार्यालयको सुरक्षार्थ पालोपहरा तोकी (पालोपहरा तोकिएको व्यक्ति र सम्पर्क कर्मचारीको नाम, मोवाईल नं. सहित) सो को जानकारी जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र नजिकको सुरक्षा निकायमा अनिवार्य रुपमा पठाउने र कुनै संकास्पद व्यक्ति तथा बस्तु भेटीए वा कुनै घटना घटेमा तुरुन्त नजिकको सुरक्षा निकायलाई खवर गर्ने आवश्यक व्यवस्था कार्यालय प्रमुखले मिलाउने ।

७. सुशासनलाई ध्यान दिई चुस्त एवम् प्रभावकारी सेवा प्रवाह सम्वन्धी प्रतिवद्धता पत्र यस जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको छ । सार्वजनिक सेवालाई सक्षम, सुदृढ, सेवामुलक, उत्तरदायी, उपलब्धीमुलक र सेवाग्राहीमैत्री बनाई नागरिकले पाउने सेवालाई भरपर्दो विश्वसनिय, छिटो छरितो, मितव्ययी, पारदर्शी, गुणस्तरिय र सर्वसुलभ बनाउन सबै कार्यालयहरुले समेत प्रतिवद्धता तयार गरी फ्लासवोर्डसहित जारी गर्ने ।

८. गृह मन्त्रालयको च नं ६२४ मिति २०७६।०७।०३ को पत्रानुसार एन कानूनमा स्पस्ट व्यवस्था भएका तथा नेपाल सरकाबाट स्वीकृत कार्यविधि तथा निर्देशिकामा व्यवस्था गरिएको बाहेक अन्य कुनै पनि समिति तथा उपसमितिहरुमा प्रतिनिधित्व नगर्ने नगराउने निर्देशनको पालना गर्ने गराउने ।

९. सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिम सबै कार्यालयहरुले विवरणहरु तयार गरी सार्वजनिक गर्ने ।

१०. विकास निर्माण सम्वन्धी योजना तथा कार्यक्रम संचालन गर्ने निकायहरुले मासिक, चौमासिक र वार्षिक प्रगति विवरण जिल्ला प्रशासन कार्यालयलाई समेत उपलब्ध गराउने ।

११. सूचना अधिकारीहरुलाई बढी भन्दा बढी कृयासिल बनाई सूचना अधिकारीको बैठकका निर्णयहरु कार्यान्वयन गर्ने ।